# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३६) काठमाडौं, फागुन १० गते २०४३ साल (अतिरिक्ताङ्क ४५ (ग)


## भाग ४

### निर्वाचन आयोगको

### सूचना १

राष्ट्रिय पञ्चायत (सदस्य निर्वाचन) ऐन, २०३३ को दफा ८ को उप-दफा (३) ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले एक जना राष्ट्रिय पञ्चायत सदस्यको उप-निर्वाचनको लागि देहायबमोजिम निर्वाचन क्षेत्रको नाम, मतदान केन्द्रको स्थान, निर्वाचन हुने मिति र मतदान हुने समय तोकेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. निर्वाचन क्षेत्रको नाम :– तनहुं जिल्ला निर्वाचन क्षेत्र ।

२. मतदान केन्द्रको स्थान :– निर्वाचन आयोगबाट अधिकार प्रत्यायोजन भएबमोजिम तनहुं जिल्लाको प्रत्येक गाउँ पञ्चायतका निर्वाचन अधिकृतले तोकेबमोजिमका स्थान ।

३. निर्वाचन हुने मिति र मतदान हुने समय :– २०४४ साल वैशाख २९ गते बिहान ८ बजेदेखि अपरान्ह ५ बजेसम्म ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना २

राष्ट्रिय पञ्चायत (सदस्य निर्वाचन) ऐन, २०३३ को दफा ७ को उप-दफा (१) ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले तनहुं जिल्ला निर्वाचन क्षेत्रमा एक जना राष्ट्रिय पञ्चायत सदस्यको उप-निर्वाचनको प्रयोजनको लागि तनहुं जिल्ला अदालतका जिल्ला न्यायाधीश श्री निर्मलकुमार ढुंगानालाई निर्वाचन अधिकृत नियुक्त गरेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## सूचना ३

राष्ट्रिय पञ्चायत (सदस्य निर्वाचन) ऐन, २०३३ को दफा ८ को उप-दफा (३) को प्रयोजनको लागि निर्वाचन आयोगले तनहुं जिल्ला निर्वाचन क्षेत्रमा एक जना राष्ट्रिय पञ्चायत सदस्यको उप-निर्वाचनमा मतदान केन्द्रको स्थान तोक्न तनहुं जिल्ला निर्वाचन क्षेत्रका निर्वाचन अधिकृत श्री निर्मलकुमार ढुंगानालाई अधिकार प्रत्यायोजन गरेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## सूचना ४

राष्ट्रिय पञ्चायत (सदस्य निर्वाचन) ऐन, २०३३ को दफा ६ को प्रयोजनको लागि निर्वाचन आयोगले तनहुं जिल्ला निर्वाचन क्षेत्रमा एक जना राष्ट्रिय पञ्चायत सदस्यको उप-निर्वाचनमा उम्मेदवार हुनको लागि २०४३ साल पुस मसान्तसम्ममा पच्चीस वर्षको उमेर पूरा गरेको हुनुपर्ने गरी तोकेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## सूचना ५

राष्ट्रिय पञ्चायत (सदस्य निर्वाचन) ऐन, २०३३ को दफा ४ को उप-दफा (१) को प्रयोजनको लागि निर्वाचन आयोगले तनहुं जिल्ला निर्वाचन क्षेत्रमा एक जना राष्ट्रिय पञ्चायत सदस्यको उप-निर्वाचनमा मतदाता हुनको लागि सो निर्वाचन क्षेत्रमा आफ्नो स्थायी घरबास भएको वा सो निर्वाचन क्षेत्रमा २०४३ साल पुस मसान्तसम्ममा घटीमा एक वर्ष बसोबास गरेको र सोही मितिसम्ममा एक्काइस वर्ष उमेर पूरा भएको नेपाली नागरिक हुनुपर्ने गरी तोकेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
मुरलीप्रसाद उपाध्याय
सचिव
निर्वाचन आयोग



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।